बित्थडचिर गाउँपालिका
(Bitthadchir Rural Municipality)
गाउँ कार्यपालिकाको कार्यालय
(Office of the Rural Municipal Executive)

9858487345 प्र.प्र.अ.
18105000109 टोल फ्री नं.
Email:bitthadchirmun@gmail.com
Website:www.bitthadchirmun.gov.np

देउलेख, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

प.स:२०८२।०८३
च.न.

बित्थडचिर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय देउलेख, बझाङ सुदूरपश्चिम प्रदेश,नेपाल

## सेवा करारमा लिने सम्बन्धी सूचना

**प्रकाशित मिति: २०८२/०८/१७ गते**

नेपाल सरकार र स्वीजरल्याण्ड सरकारको द्वीपक्षीय सम्झौता अनुसार सञ्चालित सुरक्षित आप्रवासन (सामी) कार्यक्रम (चौथो चरण)सञ्चालन मार्गदर्शन, २०८१ बमोजिम बित्थडचिर गाउँपालिका, देउलेख, बझाङमा सुरक्षित बैदेशिक रोजगारी सम्बन्धी सूचना प्रवाह गर्न तथा बैदेशिक रोजगारी सँग सम्बन्धित मुद्दाहरुमा सहयोग तथा सहजीकरण, मनोसामाजिक परामर्श सेवा एवं सुरक्षित बैदेशिक रोजगारी सम्बन्धी सचेतीकरण कार्यक्रम सञ्चालन गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता भएकोले योग्य नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि दरखास्त आह्वान गरिएको छ।

**विज्ञापन नम्बर ०३/२०८२/०८३**

| क्र.सं. | पद | पद संख्या | योग्यता |
|---|---|---|---|
| १ | मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह) | १ जना | ▪ मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ/ नर्सिङ /मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्क/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उतीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको।<br>▪ मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र भएको र सोही क्षेत्रमा कामगरेको अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ।<br>▪ दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिलाहरुको हाकमा ४० वर्ष ननाघेको)<br>▪ प्रचलित कानून बमोजिम सरकारी सेवाको लागि आवेदन दिन योग्य।<br>▪ कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान भएको ( MS Office, E-mail, Internet etc.) नेपाली वा अंग्रेजी भाषामा सहज रुपमा टाइप गर्न सक्ने। |

**कार्य अवधि:** हाललाई २०८३ असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन/मूल्यांकनका आधारमा नवीकरण हुन सक्नेछ।

**परिक्षाको किसिम :** लिखित ,अन्तरवार्ता र प्रयोगात्मक ।

**तलव तथा अन्य सुविधा :** कार्यक्रमको नियमानुसार।

**आवश्यक कागजातहरु :** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि, अनुभवको प्रमाण पत्रको प्रतिलिपि र पासपोर्ट साईजको फोटो दुई प्रति साथै निवेदन सहित गाउँपालिकाको कार्यालयमा पेश गर्नुपर्ने छ। तोकिएको समयभन्दा पछि आएका आवेदनहरु लाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

**छनौट प्रक्रिया:**

प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित, अन्तर्रवार्ता र प्रयोगात्मक परीक्षामा समावेश गरिने छ । उक्त पदमा अवसरबाट बञ्चितीकरणमा परेका समुदायहरु खास गरी महिला, दलित, जनजाति, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रकृया अवलम्बन गरिनेछ।

**दरखास्त दस्तुर :** रु.- ७००/- को राजश्व जम्मा गरेको भौचर।

**दरखास्त दिने अन्तिम मिति :** २०८२/०९/०२ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिनेछ आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ।

**दरखास्त फाराम पाइने स्थान :-** बित्थडचिर गाउँपालिकाको कार्यालय, देउलेख, बझाङ।

२०८२/०८/१६
रमेशबहादुर विष्ट
प्रशासकीय अधिकृत



CamScanner